लोक सेवा आयोग
बुटवल कार्यालय
(परीक्षा शाखा)
बुटवल, रूपन्देही

# सशस्त्र प्रहरी जवान पदको लिखित परीक्षाको परीक्षा केन्द्र कायम गरिएको सूचना।

**सूचना नं. १०६/०८१-८२, मिति २०८२/०२/१५ गते**

लोक सेवा आयोग, बुटवल कार्यालयले संचालन गर्ने **सशस्त्र प्रहरी बल, नेपाल**को मिति २०८१/०९/१९ गते प्रकाशित विज्ञापन नं. ०३/०८१-८२ (खुला तथा समावेशी), **सशस्त्र प्रहरी जवान** पदमा **सशस्त्र प्रहरी बल, नेपाल, नं. ५ विन्ध्यवासिनी बाहिनी मुख्यालय, रूपन्देही, भर्ना तथा छनौट शाखा चन्द्रौटा, कपिलवस्तु**बाट लिखित परीक्षाको लागि छनौट भएका उम्मेदवारको परीक्षा कार्यक्रम निम्न मिति, समय र स्थानमा सञ्चालन हुने भएकोले सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ। **साथै उम्मेदवारको बायोमेट्रिक हाजिरी हुने भएकोले परीक्षा सुरु हुनुभन्दा कम्तिमा २ (दुई) घण्टा अगावै परीक्षा केन्द्रमा आइपुग्नुपर्नेछ।** परीक्षार्थीले पालना गर्नुपर्ने नियमहरू **द्रष्टव्य**मा उल्लेख गरिएको छ।

**परीक्षा कार्यक्रम**

| क्र.सं. | विज्ञापन नं. | पद, सेवा, समूह, उपसमूह, तह | विषय | परीक्षा मिति र समय | अवधि |
|---|---|---|---|---|---|
| १. | ०३/०८१-८२ (खुला तथा समावेशी) | सशस्त्र प्रहरी जवान साधारण, साधारण | नेपाली, अंग्रेजी, गणित तथा सेवा सम्बन्धी | २०८२/०२/३१ गते, बिहान ९:०० बजे | ३ घण्टा |

**परीक्षा भवन**

| क्र.सं. | दर्ता नम्बर | | परीक्षार्थी संख्या | परीक्षा भवन |
|---|---|---|---|---|
| | देखि | सम्म | | |
| १. | ९१००३ | १०२०१७ | २५० जना | श्री कान्ति मा.वि., हाटबजारलाईन, बुटवल (केन्द्र-"क") |
| २. | १०२०२५ | १०९५११ | २५६ जना | श्री कान्ति मा.वि., हाटबजारलाईन, बुटवल (केन्द्र-"ख") |

**द्रष्टव्य**:

१. उम्मेदवारले उत्तरपुस्तिकामा **कालो** मसी भएको डटपेन/कलम मात्र प्रयोग गर्नुपर्नेछ।
२. **वस्तुगत बहुउत्तर (Multiple Choice)** प्रश्नको उत्तर लेख्दा अंग्रेजी ठूलो अक्षर (Capital Letter) मा **A, B, C, D** लेखिएको उत्तरलाई मात्र मान्यता दिइनेछ।
३. प्रवेश-पत्र विना कुनै पनि उम्मेदवारलाई परीक्षामा सम्मिलित नगराईने हुँदा प्रवेश-पत्र अनिवार्य रुपमा साथमा लिई आउनुपर्नेछ।
४. परीक्षामा सम्बन्धित निकायबाट जारी भएको प्रवेशपत्र सँगै आफ्नो **नागरीकताको प्रमाणपत्र** वा **नेपाल सरकारबाट जारी भएको फोटो सहितको कुनै सक्कलै परिचयपत्र** अनिवार्य रुपमा लिई आउनुपर्नेछ।
५. परीक्षा भवनमा मोबाईल फोन तथा अन्य इलेक्ट्रोनिक डिभाइसहरू लैजान निषेध गरिएको छ।
६. परीक्षा हुने दिन विदा पर्न गएमा पनि आयोगको पूर्व सूचना विना निर्धारित कार्यक्रम अनुसारको परीक्षा स्थगित हुनेछैन।
७. परीक्षामा खटिएका जनशक्तिले दिएको निर्देशनको पूर्ण पालना गर्नुपर्नेछ।

| (पुरुषोत्तम चौधरी) | (चेतन कुमार अधिकारी) | (नम्रता चुडाल) |
|---|---|---|
| कम्प्युटर अपरेटर | नायब सुब्बा | शाखा अधिकृत |